पान नं. ६१८९६९२८७

"रुख रोपौं, वन जोगाऔं"

दर्ता नं.: NAW/TR/24/05

# त्रिकोण सामुदायिक वन उपभोक्ता समूह

हुप्सेकोट-१, बेल्हया, नवलपुर

स्था: २०६८

## गोलिया काठ बोलपत्रद्धारा लिलामविक्री सम्वन्धि सूचना

## (प्रथम पटक प्रकाशित मिति २०८२/०९/२२)

यस सामुदायिक वन उपभोक्ता समुहले व्यवस्थापन गरेको वन क्षेत्रवाट आ.व. २०७९/०८० मा उत्पादन भई समुहको घाटगद्दीमा रहेको निम्न लटको साल गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरि लिलाम विक्री गर्नुपर्ने भएकोले पहिलो पटकको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानुन बमोजिम वन पैदावारमा आधारित उद्योगको रूपमा दर्ता तथा नविकरण भएका तथा वन नियमवली २०७९ को नियम १२८ बमोजिम सुचिकृत भएका उद्योगले यो सूचना चितवन पोष्ट राष्ट्रिय दैनिकमा पहिलो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र लटको बोलपत्र खरिद गरि २२ औं दिन कार्यालय समय भित्र सामुदायिक वन समुहको कार्यालय वा डिभिजन वन कार्यालय नवलपुरमा दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**१. लिलाम बिक्री हुने वन पैदावरको विवरण :**

| लट नं. | जात/किसिम | ग्रेड | थान | परिमाण (क्यू.फिट.) | प्रति ईकाई न्युनतम मूल्य रू. | मुल्यांकन रू. | संकलन खर्च रू. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | साल/गोलिया | ए | १ | २१.०८ | १,२५०/- | २६,३५०/- | | |
| | | बी | ६ | ४२.०० | ९००/- | ३७,८००/- | | |
| | | सी | ६३ | २२१.१२ | ६००/- | १,३२,६७२/- | | |
| | | डी | ३१ | ७९.३९ | ३००/- | २३,८१७/- | | |
| | | | १०१ | ३६३.५९ | | २,२०,६३९/- | ४९,५९४/- | |
| लट नं. | जात/किसिम | ग्रेड | थान | परिमाण (क्यू.फिट.) | प्रति ईकाई न्युनतम मूल्य रू. | मुल्यांकन रू. | संकलन खर्च रू. | कैफियत |
| २ | साल/गोलिया | ए | ० | ०.०० | १,२५०/- | ०/- | | |
| | | बी | ३ | २०.६१ | ९००/- | १८,५४९/- | | |
| | | सी | ५९ | १८८.५३ | ६००/- | १,१३,११८/- | | |
| | | डी | २९ | ६२.१२ | ३००/- | १८,६३६/- | | |
| | | | ९१ | २७१.२६ | | १,५०,३०३/- | ३७,०००/- | |

| लट नं. | जात/किसिम | ग्रेड | थान | परिमाण (क्यू.फिट.) | प्रति ईकाई न्युनतम मूल्य रू. | मुल्यांकन रू. | संकलन खर्च रू. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ३ | साल/गोलिया | ए | ० | ०.०० | १,२५०/- | ०/- | | |
| | | बी | ० | ०.०० | ९००/- | ०/- | | |
| | | सी | २६ | ६७.६९ | ६००/- | ४०,६१४/- | | |
| | | डी | ४१ | ११२.९३ | ३००/- | ३३,८७९/- | | |
| | | | ६७ | १८०.६२ | | ७४,,४९३/- | २४,६३७/- | |

२. बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय स्थान :

क) बोलपत्र खरिद गर्ने अन्तिम मिति : २०८२/१०/१२ गते कार्यालय समय सम्म ।

ख) बोलपत्र दाखिला गर्ने अन्तिम मिति : २०८२/१०/१३ गते, दिनको ठिक ४:०० बजे सम्म । बोलपत्र खरिद तथा दाखिला गर्ने दिन विदा परे सो को भोलिपल्ट खरिद र दाखिला गर्न सकिनेछ ।

३. बोलपत्र साथ कबुल गरेको रकमको १०% ले हुन आउने रकम यस समुहको **राष्ट्रिय वाणिज्य बैंक कावासोती शाखा रहेको यस समुहको खाता नं. ३२००१००००१६५४००१** मा जम्मा गरेको सक्कलै बैंक भोचर वा कम्तिमा ६ महिनाको बैंक ग्यारेण्टी समावेश हुनु पर्नेछ ।

४. बोलपत्रको लागि लट अनुसार रू १,०००/- पछि फिर्ता नहुने गरि तिरी यस समुहको कार्यालय र डिभिजन वन कार्यालय नवलपुरवाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वन पैदवार यस समुहको घाटगद्दी स्थलमा गई हेर्न सकिन्छ ।

६. लिलाममा भाग लिन ईच्छुक व्यक्ति, संघसंस्था, फर्मका प्रोपाईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, करदाता प्रमाणपत्रको प्रतिलिपि, उद्योग सुचिकृत/नविकरण प्रमाणपत्र प्रतिलिपि बोलपत्रका साथ पेश गर्नुपर्ने छ । नागरिकता बाहेकका कागजातहरू नियमानुसार नविकरण भएको हुनु पर्नेछ ।

७. निर्धारित न्यूनतम संख्याका र रित पुर्वक पर्न आएका बोलपत्रहरू मिति २०८२/१०/१५ गते दिनको २:०० बजे साक्षीहरूको रोहवरमा खोलिने छ । सो दिन विदा परे सो को भोलि पल्ट खोलिनेछ ।

८. वन पैदावर कटान मुछान गर्दा लागेको खर्च घाटगद्दी सम्मको ढुवानी र पाईलिङ वापतको सवै संकलन खर्च छुट्टै बुझाउनु पर्ने छ ।

९. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ (पैतालिस) दिन भित्र सकार रकम, कटान मुछान खर्च तथा नियामनुसार लाग्ने करहरू समेत छुट्टै बुझाई लिलाममा चढाएको वन पैदवार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

१०. रित नपुगी वा म्याद नाघि प्राप्त हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

११. बोलपत्र सकार गरिएको रकम अंक र अक्षरमा दुवैमा लेख्नु पर्नेछ अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

१२. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समुहको कार्य समितिमा निहित रहेनेछ ।

१३. अन्य कुराहरू प्रचलित ऐन नियमानुसार हुनेछ ।

दल बहादुर थापा
अध्यक्ष

CamScanner